**बराहक्षेत्र नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी सुनसरी
कोशीं. प्रदेश नेपाल

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१४

**बिषयः- प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको सूचना**

यस कार्यालयद्धारा चालु आर्थिक वर्ष ०८१/८२ मा संचालित हुने कार्यक्रमहररू मध्ये सार्वजनिक खरिद ऐनको दफा ८ (ख) बमोजिम गैर सरकारी संस्था मार्फत संचालन हुने कार्यक्रमहरूका लागि प्रचलित ऐन, कानुन बमोजिम दर्ता भई यस कार्यालयमा सूचीकृत भएका गै.स.स.हरू मध्येबाट नगरपालिका द्वारा निर्धारित मापदण्ड बमोजिम गै.स.स.छनौट गर्न लागिएको हुंदा तपसिल बमोजिमका कागजातहरूको छायाँ प्रति तथा आशय पत्र फारमको रू.५००।- तिरेको रसिद सहित नगरपालिका द्वारा उपलब्ध गराइने आवेदन फारम भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रह) दिन भित्र इच्छुक संघ/संस्थाहलाई कार्यालय समयमा आर्थिक तथा प्राविधिक प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**प्रस्ताव पेश गर्ने समय र स्थान :**

| *सि.न.* | *कार्यक्रमको नाम* | प्रस्तावित बजेट | कैफियत |
|---|---|---|---|
| १. | नगर बालमैत्री स्थितीपत्र ( **Digital child profile**), | ११,००,०००।०० | बराहक्षेत्र नगरपालिका |

**नोटः-** विस्तृत सूचना नगरपालिकाको सूचनापाटीमा टाँस गरिएको छ । साथै थप जानकारीका लागि नगरपालिकाको webside : ito.barahamun.gov.np वा सामाजिक विकास शाखामा सर्म्पक गर्न हुन अनुरोध छ ।

२०८१।६।१४
गणेश बहादुर कटुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

शर्तहरु :

१) यो सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म आसयपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।

२) आसयपत्र फारम खरिद गर्दा कम्पनि वा फर्म दर्ता प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र र आ.व. २०८०।२०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि निबेदन साथ पेश गर्नु पर्ने छ ।

३) आसयपत्र सुचना प्रकाशित भएको मितिले (१६ औं दिन) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ र दाखिला भएका आसयपत्र सोहि दिनको २.०० बजे कार्यालयका प्रतिनिधि र निजको प्रतिनिधीको उपस्थितीमा यस कार्यालयमा खोलिने छ । आसयपत्र दाता वा निजको प्रतिनिधि उपस्थित हुन नसकेमा आसयपत्र खोल्न बाधा पर्ने छैन । आसयपत्र खरिद गर्ने दर्ता गर्ने, खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमशः उल्लेखित समय अनुसार नै उक्त कार्यहरू हुनेछ ।

४) आसयपत्र दाताले स्वीकृत बजेटको १५% भन्दा बढि घटेर कबुल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटि कबुल गरेको छ सोको ५०% ले हुन आउने रकम थप गरि कार्य सम्पादन जमानत राख्नु पर्ने छ ।

५) आसयपत्र फारममा कुनै संसोधन गर्नु परेमा दर्ताको अन्तिम समय भन्दा (२४ चौविस घण्टा) अगाडी संसोधन गर्नु पर्ने छ ।

६) आसयपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७) यस सूचनामा उल्लेख भएका विषयहरू यसै सूचना बमोजिम हुनेछ र अन्य विषयहरूको हकमा आसयपत्र सम्वन्धि कागजात, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ बमोजिम हुने छ ।

८) रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेे छैन ।

९) यस नगरपालिकाको हितलाई ध्यान राखि कुनै जनाई वा नजनाई पुरा वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०) नक्कली कागजात पेश गरी वा मिलोमतो गरी आसयपत्रमा भाग लिएको पाईएमा त्यस्ता आसयपत्र रद्द गरिनेछ ।

११) यस सम्वन्धमा अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१२) यस क्षेत्रमा काम गरेको भए सो अनुभाव पत्र आसयपत्र साथ संलग्न गर्नु पर्नेछ ।

------------------

गणेश बहादुर कटुवाल

प्रमुख प्रशासकीय अधिकृत